*" शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार "*

## पुतलीबजार नगरपालिका

### आर्थिक वर्ष २०८२/८३

**१२४ औं कार्यपालिका वैठकको**

## प्रस्ताव तथा निर्णयहरु :

**२०८२/०७/२१ , शुक्रबार**

**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

प्रगतिनगर, स्याङ्जा

## १२४ औं कार्यपालिका बैठकको छलफलका विषयहरु ( कार्यसूचीहरु ) :

१. नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को परिपत्र सम्बन्धमा ।
२. डिल्लीराम तिवारीको निवेदन सम्बन्धमा ।
३. बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि घरधुरी सर्वेक्षण गर्ने सम्बन्धमा ।
४. राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा ।
५. प्रथम चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
६. स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ कार्यान्वयन सम्बन्धमा।
७. काला भैरव पुरातात्विक मन्दिरमा पुजा व्यवस्थापन खर्च सम्बन्धमा ।
८. घ बर्गको इजाजतपत्र सम्बन्धमा ।
९. ठेक्का नं. (14-B/PM/IR/082-83) छिडी र खल्लुबोट घाट, आधिखोलाको आय ठेक्का सम्बन्धमा ।
१०. पुतलीबजार नगरपालिका वडा नं २ को सिफारिस तथा प्राविधिक लागत अनुमान अनुसार जुकेपानी देखि खोरिया/खर्या सम्म कच्ची मोटर बाटो खन्ने सम्बन्धमा ।
११. लक्षित वर्ग निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धमा ।
१२. विविध ।

..........................................

तुलसी राम रेग्मी
नगर प्रमुख

तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ कार्तिक २१ गते शुक्रबार

## १२४ औं कार्यपालिकौ बैठकका निर्णयहरु :

**निर्णय नं १:**

नेपाल सरकार मन्त्रिपरिषदको मितिः२०८२/०६/०५ को निर्णय तथा नेपाल सरकार अर्थ मन्त्रालयको मितिः२०८२/०६/०७, च.नं. ११८ को पत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः२०८२/०६/०८, च.नं. ११३ को पत्रानुसार अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

तपशिल:

क. नगरपालिकाबाट संचालन हुने रु.१० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगराउने ।

ख. नगरपालिकाबाट विनियोजित कर्मचारी पर्यटन काज लगायत शिक्षा, स्वास्थ्य तथा महिला विकास तर्फका कार्यक्रमहरु हिउँदे नगर सभासम्मलाई रोक्का राख्ने ।

ग. नगर कार्यपालिका बैठक, वडा समिति बैठक तथा नियमित कामका लागि हुने बैठक भत्ता आगामी हिउँदे अधिवेशनसम्म उपलब्ध नगराउने ।

घ. नगरपालिकाको जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्थामा सेवा परामर्श सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराएर मात्र गराउने ।

ङ. कार्यालयको कार्यबोझ र कार्यप्रकृति हेरी हालको दरबन्दी संरचनालाई आगामी नगरसभामा पुनरावलोकन गर्ने ।

च. नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेका सरकारी सवारी साधनहरु अत्यावश्यक कार्य परेको अवस्थामा बाहेक सार्वजनिक विदाको दिन नचलाउने र अत्यावश्यक काम परेमा कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत र पदाधिकारीको हकमा नगर प्रमुखबाट अनुमति लिएर चलाउने।

**निर्णय नं. २:**

सिटिहल भाडामा लिने गरी सम्झौता गरेका अर्जुनचौपारी गाउँपालिका वडा नं ६ निवासी डिल्लीराम तिवारीले सिटिहलको कुनापट्टीको खाली जग्गामा १८ फिट लम्बाइ र १२ फिट चौडाइको टहरा बनाई नियमानुसारको भाडा तिर्छु भनी निवेदन दिएकोले, निजले माग गरे बमोजिम उक्त टहरा निर्माण गरी मासिक रु २०००/- (दुई हजार) भाडा लिने गरी २ वर्षका लागि सम्झौता गर्ने, तथा त्यसपश्चात वार्षिक १०% का दरले भाडा वृद्धि हुने गरी सम्झौता गर्ने निर्णय गरियो।

.............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

.............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ कार्तिक २१ गते शुक्रबार

**निर्णय नं. ३:**

आर्थिक वर्ष २०८२/८३ मा बालश्रम मुक्त पालिका घोषणाको लागि १, २, ३, ४, ५, ६, ७, ९, १०, १२, १३ र १४ नं वडामा घरधुरी सर्वेक्षण गर्नुपर्ने हुँदा उक्त सर्वेक्षणको लागि सर्वेक्षणकर्ता खट्टाई बालश्रम मुक्त पालिका घोषणा प्रक्रियालाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४:**

संघीय सरकारबाट प्राप्त बजेट र पालिकाको साझेदारी समेत गरी राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत विगतमा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको मापदण्डलाई आधार मानी नगरपालिका अन्तर्गत सरसफाई गर्नुपर्ने मुख्य-मुख्य बाटाहरु सिफारिस गरी पठाउन १४ वटै वडा कार्यालयमा पत्राचार गरी विवरण माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिक सार्वजनिक सुनुवाइ आगामी २०८२/०७/३० गते आइतबार बिहान ११ बजे वडा नम्बर ८ बहाकोट स्थित क्रान्ति चौतारामा गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम सूचना प्रविधि अधिकृत श्री मुक्त बहादुर गुरुङलाई सातौं तहको सम्झौता गरी कामकाजमा लगाउने प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

काला भैरव पुरातात्विक मन्दिरको धार्मिक र सांस्कृतिक महत्वलाई प्रवर्द्धन गर्न बडा दशैं र दुर्गा भवानीको पूजा व्यवस्थापन गर्दा भएको खर्च रु २५,०००/-( पच्चिस हजार) मन्दिर व्यवस्थापन समितिलाई आर्थिक सहायता संस्कृति संरक्षण तथा प्रवर्द्धन शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं. ८:**

पुतलीबजार नगरपालिका वडा नं. ३ निवासी क्षेत्र बहादुर गोदारले फायरफ्लाई बिल्डर्स प्रा.लि. र यस नगरपालिका वडा नं १३ सातुपसल निवासी तिलक प्रसाद सुवेदीले सुवेदी सितलदेवी हार्डवेयर सप्लायर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. नाम गरेको " घ " वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनि निवेदन दिएकोले निजहरूलाई कार्यविधिमा उल्लेख गरेको प्रक्रिया पुर्याई " घ " वर्गको लाइसेन्स दिने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख

२०८२ कार्तिक २१ गते शुक्रबार

निर्णय नं. ९:

यस नगरपालिकाबाट आर्थिक वर्ष २०८२/८३ मा नदीजन्य सामग्री ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र, " छिडी र खल्लुवोट घाट (14-B/PM/IR/082/83) " मा प्राविधिक त्रुटि देखिएको हुँदा हाल उक्त ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय गरियो।

निर्णय नं. १०:

वडा नम्बर २ को जुकेपानी देखि खोरिया/खर्या सम्म कच्ची बाटो (New Track) निर्माण गर्न लागत अनुमान बापतको रकम (रु ४९,२४८/-) पूर्वाधार मर्मत शीर्षकबाट भुक्तानी लेख्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११:

विगत आर्थिक वर्षदेखि निरन्तर रुपमा संचालनमा रहेको मेयरसँग अति विपन्न वर्गका लागि "लक्षित वर्ग निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम " आर्थिक वर्ष २०८२/८३ को १७ औं नगर सभाले विनियोजन गरेको बजेट अन्तर्गत रही यस आर्थिक वर्षको कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १२ विविधः

क) यस नगरपालिकाको वडा नं. १ को अभियानपथमा रहेको स्याङ्जा सन्देश प्रकाशन,( स्याङ्जा बुलेटिन राष्ट्रिय दैनिक) यस नगरपालिका अन्तर्गत स्थापना भएको पहिलो प्रकाशनलाई (पत्रिकालाई) रु १,००,००० (एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ख) यस नगरपालिकाबाट आव्हान गरिएको बोलपत्र आलुको बीउ खरिद (ठेक्का नं. : **17/PM/NCB/GOODS/082/83**) मा जनकदेव आलुको बीउ ६१४०० के.जी र खुमल सेतो १ आलुको बीउ १०,००० के.जी. (दस हजार) खरिद गरिएकोमा माग बमोजिम खुमल सेतो १ आलुको बीउ थप १५०० के.जी. ( पन्ध्र सय) खरिद गर्ने निर्णय गरियो।

ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश पोखराबाट नवप्रवर्तन साझेदारी परियोजना सञ्चालनका लागि मिति २०८२/०६/२८ गतेको सूचनाबाट अवधारणा पत्र माग गरिएकोमा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को अनुसूची २ बमोजिमको निर्दिष्ट ढाँचामा तयार गरिएको परियोजनाको अवधारणा प्रस्ताव पेश गर्ने निर्णय गरियो। उक्त परियोजना सञ्चालन गर्दा नगरपालिकाबाट साझेदारी गर्नुपर्ने लागत साझेदारीताका लागि नगरपालिकाको आ.व. २०८२/८३ मा सडक बोर्ड, झोलुङ्गे पुल लगायत संघ, प्रदेश सरकारसँग साझेदारी लगायत क्रमागत योजना भुक्तानी शीर्षकमा विनियोजन भएको रकमबाट साझेदारी रकम व्यहोर्ने प्रतिबद्धता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

..............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..............................
तुलसी राम रेग्मी
नगर प्रमुख